# राष्ट्रिय सूचना आयोग

प्रकाशन मिति २०८२।०३।२४

*"उत्कृष्ट सूचना अधिकारी पुरस्कार"* का लागि सिफारिस गरी पठाउने सम्बन्धी सूचना ।

आगामी भाद्र ३ गते राष्ट्रिय सूचना दिवसको अवसरमा राष्ट्रिय सूचना आयोगबाट सार्वजनिक निकायमा कार्यरत सूचना अधिकारीहरुलाई "उत्कृष्ट सूचना अधिकारी पुरस्कार" बाट पुरस्कृत गरिनेहुँदा यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र आयोगमा आईपुग्ने गरी सम्वन्धित कार्यालय प्रमुखले सिफारिस गरी पठाउनुहुन अनुरोध गरिन्छ। सिफारिस फारम र यस सम्वन्धी विस्तृत सूचना आयोगको वेवसाईट **www.nic.gov.np** मा राखिएको छ। सिफारिस फारम **info@nic.gov.np** मा पठाउन सकिने छ ।

राष्ट्रिय सूचना आयोग
त्रिपुरेश्वर, काठमाडौं,
फोन नं. ०१—४५९३९८३, ४५९६५४४,९८५१४१५३५३

# राष्ट्रिय सूचना आयोगको

***"उत्कृष्ट सूचना अधिकारी पुरस्कार"*** का लागि सिफारस गरि पठाउने सम्बन्धी विस्तृत सूचना

१. सूचनाको हकलाई सार्वजनिक हित तथा प्रवर्द्धनका लागि प्रयोग गरी सार्वजनिक निकायलाई खुला, पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउन उदाहरणीय कार्य गरी उत्कृष्ट योगदान गर्ने सार्वजनिक निकायमा कार्यरत सूचना अधिकारीलाई यस आयोगबाट नगद तथा प्रशंसा पत्र प्रदान गर्ने कार्यक्रम रहेको छ।

२. छनौट हुने सूचना अधिकारीलाई २०८२ साल भाद्र ३ गते राष्ट्रिय सूचना दिवसका अवसरमा नगद पुरस्कार तथा प्रशंसापत्र प्रदान गरिने छ।

४. सिफारिस गर्ने फारम www.nic.gov.np बाट प्राप्त गर्न सकिने छ। उक्त फारम र पुस्टयाईका कागजात छिटो साधनद्वारा मिति २०८२ श्रावण २१ गते भित्र राष्ट्रिय सूचना आयोगमा आइपुग्ने गरी पठाउनु पर्ने छ । सिफारिश फारम र पुष्टयाईका कागजात यस आयोगको इमेल info@nic.gov.np मा पठाउन सकिने छ । म्याद भित्र प्राप्त नभएका सिफारिस फारमलाई मूल्यांकनमा समावेश गरिने छैन।

५. सूचना अधिकारीलाई पुरस्कारको लागि सिफारिस गर्ने सिफारिसकर्ता सोही सार्वजनिक निकायको प्रमुख पदाधिकारी हुनुपर्ने छ।

६. "उत्कृष्ट सूचना अधिकारी पुरस्कार" को लागि सिफारिस गरी पठाउने सम्बन्धमा सवै संघीय मन्त्रालय, संवैधानिक आयोग, प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्थानीय तह, सवै जिल्ला प्रशासन कार्यालय मार्फत सम्पूर्ण सार्बजनिक निकायलाई जानकारी गराइदिन पत्रचार भई सकेको छ । कथंकदाचित यो सम्वन्धी पत्र प्राप्त भई नसकेको भए यही सूचनालाई आधार मानी सिफारिस गरी पठाउन सकिनेछ।

७ विगत वर्षहरुमा आयोगवाट पुरस्कृत भइसकेका सूचना अधिकारीहरुलाई यस वर्षको मुल्यांकनमा समावेश नगरिने हुँदा पुरस्कृत भई सक्नु भएका सूचना अधिकारीहरुसोही कार्यालयमा भएमा सिफारिस नगर्नु होला।

८. यस सम्वन्धमा थप जानकारी आवश्यक परेमा आयोगको इमेल वा फोनबाट जानकारी लिन सकिनेछ।

थप जानकारीका लागि

राष्ट्रिय सूचना आयोग

त्रिपुरेश्वर, काठमाण्डौ ।

फोन नं. ०१–४५९३९८३, ४५९६५४४, ९८५१४१५३५३

**राष्टिय सूचना आयोगबाट जारी भएको "उत्कृष्ठ सूचना अधिकारी पुरस्कार" को लागि सूचना अधिकारी सिफारिस गरी पठाउने सम्वन्धी फारम**

**१. सिफारिस गर्ने निकायको नाम, ठेगानाः-** ......................................................

(मन्त्रालय/सचिवालय/आयोग/विभाग/ कार्यालय)

**२) सिफारिस गरिएको सूचना अधिकारीको विवरणः-**

क) नाम/ थरः- ..........................................................

ख) लिङ्गः- ............................................

ग) हाल कार्यरत कार्यालयः- ..........................

घ) पद/श्रेणीः- ............................................

ङ) सेवा/समुह/उपसमूहः- ..............................

च) कर्मचारी संकेत नंः- ..............

छ) सूचना अधिकारी तोकिएको मितिः- .......................... (सूचना अधिकारी तोकिएको पत्रको प्रतिलिपि संलग्न गर्ने)

झ) यस भन्दा अघि अन्य कार्यालयमा सूचना अधिकारीमा नियुक्त भएको भए खुलाउनेः- ..................................................(सूचना अधिकारी तोकिएको पत्रको प्रतिलिपी संलग्न गर्ने)

ञ) सिफारिस भएको सूचना अधिकारीको संम्पर्क फोन नंः- ................................

ट) ईमेल ठेगानाः- ..............................................

ठ) महिला/आदिवासी/जनजाति/मधेसी/दलित/अपाङ्ग/पिछडिएको क्षेत्र (एक भन्दा बढी वर्गमा भए चिन्ह लगाउने/खुलाउने)ः- .......................................................

**३. सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ बमोजिम सूचना प्रवाह तथा प्रदान गर्ने कार्यमा उत्कृष्ट कार्य गरे वापत पुरस्कारका लागि छनौटका आधारहरुः-**

क. आफू कार्यरत कार्यालयमा नागरिक वडापत्र/फ्लेक्स बोर्ड/वेवसाईटमा सूचना अधिकारीको नाम/पद/सम्पर्क नं./इमेल ठेगाना आदि उल्लेख भएको छ/छैन ? (भएमा प्रतिलिपी / फोटो संलग्न गर्ने)- ...................................................

ख. आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा स्वयम सक्रिय खुलासा ( proactive Disclosure) गरेको छ छैन ? गरेको भएमा कति पटक गरिएको छ खुलाउने।

........................................................................................................

ग. स्वयं सक्रिय खुलासा गरेको भए खुलासा गरेको माध्यम उल्लेख गर्नु होस।

A.कार्यालयको वेवसाईटको नामः- .....................................(वेवसाइटबाट गरेको भए)

B.बुलेटिनको नामः .....................................................(वुलेटिन प्रकाशित गरेको भए वुलेटिन संलग्न गर्नु पर्ने )

C.सूचनापाटीमा टाँस गरेको भएः-

.........................................................................(फोटो संलग्न हुनुपर्ने)

D.रेडियो/टिभी/पत्रपत्रिका/अन्य माध्यमबाट भए सो खुलाउने (प्रमाण संलग्न गर्नुपर्नेछ)-

...........................................................................................................

**४. सिफारिसकर्ताले सिफारिस गर्दा खुलाउने पर्ने अन्य बिवरणः-**

क. कानून बमोजिम सूचना माग गर्दा म्याद भित्र सूचना दिएको/ नदिएको विवरण खुलाउनु पर्ने (पुष्टी गर्ने आधार पेश गर्नु पर्ने)

.........................................................................................................................

.....

ख. आ.व. २०८०/८१ र २०८१/८२ माग गरिएको सूचना र उपलव्ध गराएको सूचनाको विवरणः- (संख्या खुलाउने साथै माग गरेको र दिएको सूचनाको संक्षिप्त विवरण संलग्न गर्ने)

..................................................................................................................

ग. सूचनाको हक प्रयोग गरी सूचना माग गरेको निवेदन र सूचना प्रवाह गर्दा राख्नुपर्ने छुट्टै अभिलेख राख्ने गरेको नगरेकोः- (दर्ता किताबको फोटो समावेश पर्ने )

..................................................................................................................

४. सूचना अधिकारीले आफैं क्रियाशील भएर कार्यालय भित्र हुने अन्तर्क्रिया/छलफल/कर्मचारी बैठकमा सूचनाको हकको प्रयोग तथा परिचालन सम्बन्धमा जानकारी गराउने गरेको भएमा उल्लेख गर्नु होसः- [पुष्टि हुने कागजात (जस्तै निर्णयको प्रतिलिपी) संलग्न गर्ने]

..........................................................................................................

६. सूचना प्रवाह, सूचना संरक्षण, सूचनाको हकको प्रचलन लगायत सूचनाको क्षेत्रमा सूचना अधिकारीको पहलमा कुनै उल्लेखनीय कार्यहरु भएको भए उल्लेख गर्नु होस । (प्रमाण समावेश गर्नु होला)

..........................................................................................................

कार्यालयको छापः-

सिफारिस गर्ने सार्वजनिक निकायको प्रमुखः-

दस्तखतः-

नामः-

पदः-

मोवाइल नंः-

मितिः-